# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, साउन ९ गते २०४० साल (संख्या १५

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको

### सूचना

कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरू, २०४०

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "कार्यालय स्थापना गर्ने सम्बन्धी नियमहरू, २०४०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. कार्यालय स्थापना गर्दा कार्यक्षेत्र तोक्नेः श्री ५ को सरकारले केन्द्रीय कार्यालय बाहेक अरू कुनै कार्यालय स्थापना गर्दा क्षेत्र, अञ्चल, जिल्ला, जिल्लाको इलाका, नगर वा गाउँ पञ्चायत र वडाको सिमानालाई आधार मानी कार्यक्षेत्र तोक्नुपर्नेछ ।

तर आवश्यकतानुसार एउटै जिल्लाभित्रको कुनै एक वा एकभन्दा बढी गाउँ वा नगर पञ्चायतको सिमानालाई आधार मानी कार्यक्षेत्र तोकन पनि सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. एक कार्यालयको लागि बढी कार्यक्षेत्र तोक्न सकिने: (१) नियम २ मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले एकभन्दा बढी क्षेत्र, अञ्चल, जिल्ला, जिल्लाको इलाका, नगर वा गाउँ पञ्चायत र वडाको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र रहने गरी कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम कार्यालय स्थापना गर्दा देहायबमोजिमको व्यवस्था गर्नुपर्नेछ:–

(क) एकभन्दा बढी जिल्लाको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र रहने गरी कार्यालय स्थापना गर्दा प्रत्येक जिल्लाको लागि छुट्टा छुट्टै इकाई र बजेटको व्यवस्था गर्नुपर्नेछ। त्यस्तो कार्यालय जुन जिल्ला सदरमुकाममा स्थापना गरिने हो सो सदरमुकाम समेत तोक्नुपर्नेछ ।

(ख) एकभन्दा बढी अञ्चलको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्रभित्र रहने गरी कार्यालय स्थापना गर्दा प्रत्येक अञ्चलको लागि छुट्टा छुट्टै इकाई र बजेटको व्यवस्था गर्नुपर्नेछ। त्यस्तो कार्यालय जुन अञ्चल सदरमुकाममा स्थापना गरिने हो सो सदरमुकाम समेत तोक्नुपर्नेछ ।

(ग) एकभन्दा बढी क्षेत्रको कार्यक्षेत्रलाई एउटै कार्यालय प्रमुखको अधिकार क्षेत्र रहने गरी कार्यालय स्थापना गर्दा प्रत्येक क्षेत्रको लागि छुट्टा छुट्टै इकाई र बजेटको व्यवस्था गर्नुपर्नेछ। त्यस्तो कार्यालय जुन क्षेत्रीय सदरमुकाममा स्थापना गरिने हो सो सदरमुकाम समेत तोक्नुपर्नेछ ।

४. यी नियमहरू बमोजिम कार्यक्षेत्र तोक्नुपर्ने: यी नियमहरू प्रारम्भ हुनुभन्दा अघि स्थापना भैरहेका कार्यालयमध्ये नियम २ वा ३ बमोजिम कार्यक्षेत्र नतोकेका कार्यालयहरूको कार्यक्षेत्र पनि यी नियमहरू प्रारम्भ भएको मितिले ६ महीनाभित्र यसै नियमावली बमोजिम तोक्नुपर्नेछ ।

आज्ञाले,

मङ्गलकृष्ण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।